5/14/26, 9:03 AM IMG-20260514-WA0010.jpg

२०६ औं

सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०१/०७ गतेको २०६ औं बैठक

**बैठक संख्या: ४/२०६ औं**

आज मिति २०८३ वैशाख ०७ गते सोमवारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको २०६ औं बैठक नगर प्रमुख श्री वासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वासुदेव थापा | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री सरिता तिमल्सिना भट्टराई | नगर उप-प्रमुख (सदस्य) | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा न. १ (सदस्य) | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा न. २ (सदस्य) | |
| ५ | श्री विरेन्द्र के.सी. | वडा अध्यक्ष वडा न. ३ (सदस्य) | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा न. ४ (सदस्य) | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा न. ५ (सदस्य) | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा न. ६ (सदस्य) | |
| ९ | श्री रविन्द्र सापकोटा | वडा अध्यक्ष वडा न. ७ (सदस्य) | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा न. ८ (सदस्य) | |
| ११ | श्री ~~भगवान खत्री~~ शेरकाजी सुवाल | का.वा. वडा अध्यक्ष वडा न. ९ (सदस्य) | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा न.१० (सदस्य) | |
| १३ | श्री तारा खनिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खनिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |



https://mail.google.com/mail/u/0/?tab=rm&ogbl#inbox/FMfcgzQgLrrkFTJPMvrmTgbPLHZNBFDx?projector=1&messagePartId=0.1

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०१/०७ गतेको २०६ औं बैठक*

**प्रस्तावहरु:**

१. नियमित समिक्षा सम्बन्धमा।
२. नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको तेस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा।
३. आय व्ययको मासिक तथा तेस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा।
४. विषयगत समितिहरुको तेस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा।
५. नगरपालिकाबाट स्थायी लेखा नम्बर प्रदान गर्ने सम्बन्धमा ।
६. खानेपानी उपभोक्ता संस्थासंग पानीको महसुल माग गर्ने सम्बन्धमा।
७. योजना सम्झौताको अन्तिम मिति तोक्ने सम्बन्धमा।
८. बालकोट खानेपानीको व्यवस्थापन सम्बन्धमा।
९. आयोजनाहरुको म्याद थप गर्ने सम्बन्धमा।
१०. आगामी आ.व. २०८२/०८३ को बजेट तर्जुमा तयारी सम्बन्धमा।
११. प्रतिवेदन स्वीकृत सम्बन्धमा।
१२. विविध सम्बन्धमा।

**निर्णय नं. १: नियमित समीक्षा सम्बन्धमा:**

कार्यपालिकाको २०५ औं लगायत यस अघिका बैठकका निर्णयहरु कार्यान्वनयको **अवस्था** बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समीक्षा भयो । बैठकका निर्णय **कार्यान्वयको** अवस्था बारे समग्र संक्षिप्त समीक्षा सहित विगतका राम्रा पक्षको निरन्तरता दिने र **कमजोरीहरु** सुधार गर्दै जाने।

**निर्णय नं. २: नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा।**

नगरपालिकास्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिबाट बैठकमा पेश भएको समितिको **चालु** आ.व.को चैत्र महिनाको मासिक तथा दोस्रो त्रैमासिक (माघ-चैत्र) अनुगमन तथा **निरीक्षण प्रतिवेदन** उपर बैठकमा छलफल भयो। उक्त त्रैमासिक प्रतिवेदनमा उल्लेखित **सुझावहरुको** कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं ३: आय व्ययको मासिक प्रतिवेदन सम्बन्धमा।**

बैठकमा पेश भएको निम्न बमोजिमको नगरपालिकाको चालु आ.व.को चैत्र महिनासम्मको **आय** व्यय प्रतिवेदन उपर बैठकमा छलफल तथा समिक्षा भयो।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| प्रस्तावित आय | वास्तविक आय | आम्दानी (%) | बार्षिक बजेट | खर्च | खर्च (%) |
| २ अर्ब २५ करोड | १,५०,५८,१६,४७८।९५ | ६६.९२ | २ अर्ब २५ करोड | ८०,८१,४८,४२४ | ३९.०३ |

२